# मेरो सम्झनामा रेडियो नेपाल

श्यामदास वैष्णव

## रेडियो नेपालको स्थापना

मेरो जन्म १९८१ सालमा भएको हो । २००७ सालअघि राणाले इजाजत दिएको घरमा मात्र रेडियो हुन्थ्यो । हाम्रो घरमा रेडियो थिएन । मोहनशमशेरको पि.ए.मि.सु. हरिसिंह बहादुरको घरमा फर्गुसन भन्ने रेडियो थियो । त्यस रेडियोमा धेरै प्रस्ट आवाज आउँदैनथ्यो र क्यार्र गर्दै बज्थ्यो । रेडियो सुनेर हामीले त्यो समयमा चीनमा क्रान्ति भइरहेको कुरा थाहा पाएका थियौँ । त्यति बेला बाकस जस्तो रेडियोबाट आउने आवाज सुन्दा हामीलाई विचित्र लाग्थ्यो । अर्कै लोकमा पुगेको जस्तो महसुस हुन्थ्यो । हामी प्रायः अल इण्डिया रेडियो सुन्ने गर्थ्यौं । त्यसबाट कहिले गीत, कहिले भजन तथा स्तुतिगान बज्थे । २००३ सालमा पद्मशमशेरको पालामा नेपालमै रेडियो प्रसारण हन्छ भन्ने कुरा अरूबाट सुने पनि मैले उक्त रेडियो सुनेको थिइनँ ।

रेडियो नेपाल आउनुपहिले विराटनगरमा क्रान्तिको आवाजको रूपमा आकाशवाणीबाट रेडियो प्रसारण हुने गर्थ्यो । त्यस्तै २००५ सालतिर मोहनशमशेर प्रधानमन्त्री भएका बेलामा तत्कालीन बिजुली अड्डाबाट पनि परीक्षणका रूपमा रेडियोको सञ्चालन भएको थाहा हुन्छ । यद्यपि यसबारे कसैबाट पनि त्यति खोजीनिती गरिएको थाहा छैन । प्रजातन्त्रको आगमनपछि २००७ चैत २० गतेदेखि काठमाडौँबाट रेडियो प्रसारण सुरु भयो । राणा शासकका परिवारले

पुस्तकालयको रूपमा उपयोग गर्दैआएको भवनलाई रेडियो नेपालको थलो बनाइयो । रेडियो नेपाल परिसरभित्रको अहिलेको पुरानो भवन त्यही हो । त्यति बेला अहिलेको रेडियो नेपाललाई 'नेपाल रेडियो' भनिन्थ्यो । त्यसो भन्दा 'नेपाल नै रेडियो हो' भन्ने अर्थ लाग्थ्यो । त्यसैले 'रेडियो नेपाल' राख्दा राम्रो हुने प्रस्ताव आयो । रेडियो नेपाल भन्दा पद्य जस्तो सुनिने र नेपाल रेडियो भन्दा गद्य जस्तो सुनिने भएकाले रेडियो नेपाल भनी बोल्दा मिठास पनि हुने भयो । सबै यस नाममा सहमत भएपछि यसको नाम रेडियो नेपाल रहन गयो ।

म रेडियो नेपालमा स्थापनाकालदेखि नै प्रवेश गरेको थिएँ । यसको स्थापनामा सहयोग गर्न बालकृष्ण समले मलाई बोलाउनु भएको हो । म सात सालको क्रान्तिमा पनि लागेको थिएँ । बालकृष्ण सम पनि राणाशाहीको विरोधमा लाग्नुभएको थियो । क्रान्ति सफल भएपछि वीपी कोइरालाले बालकृष्ण समलाई बोलाएर रेडियो र प्रचार विभाग दुवैको जिम्मा दिई प्रचार सञ्चालक बनाइदिनु भएको थियो । त्यसअघि बालकृष्ण समसँगै म पनि गोरखा भाषा प्रकाशिनी समितिसित सम्बन्धित थिएँ । त्यसै क्रममा नै मेरो उहाँसँग परिचय भएको थियो । एक दिन समले "श्यामजी, वीपीले मलाई रेडियो सञ्चालनको जिम्मा दिनुभएको छ । मेरो छोरा (जनार्दन सम) पनि छ । तपाईंले पनि सघाउनुपर्‍यो" भन्नुभयो । मैले उहाँसमक्ष 'हुन्छ' भनें । त्यति बेला म र मुरारिकृष्ण शर्मा *आवाज* दैनिकमा काम गर्थ्यौं र साहित्य तथा सङ्गीतमा पनि लागेका थियौं । यी विभिन्न सम्बन्ध र कारणले गर्दा बालकृष्ण समले मलाई रेडियोमा काम गर्न बोलाउनुभएको थियो । मुरारिकृष्ण पनि समाचारको लागि मसँगै रेडियोमा जानुभएको हो ।

सुरुमा रेडियो नेपालको निकै सानो ट्रान्समिटर थियो । यसलाई देखेर एक जना जर्मनले त खेलौना ट्रान्समिटर रहेछ भनेको मलाई सम्झना छ । ग्रामोफोन र माइकको सहयोगले पनि कार्यक्रमहरू चलाइन्थ्यो । हार्मोनियम पनि थियो । यसले ठूलो आवाज दिन्थ्यो । कहिलेकाहीँ हार्मोनियमको आवाजले गायकको स्वरलाई पनि दबाउँथ्यो । त्यसैले हार्मोनियमको आवाजलाई नियन्त्रण गर्न मान्छेहरू खोल वा गलबन्दीले ढाक्थे र आफ्नो स्वर ठूलो पारेर गाउँथे । सुरुआतताका यिनै वाद्य यन्त्रका सहायताले कलाकारहरूले गीत गाउने गर्दथे । ती गीतहरू रेडियोबाट प्रत्यक्ष प्रसारण हुन्थ्यो । त्यस बेला केही समय गीत प्रसारण हुन्थ्यो भने केही समय वाद्यसङ्गीत बजाइन्थ्यो । समाचार ठीक-ठीक समयमा दिनुपर्ने भएकाले कहिलेकाहीँ त गीत गाउँदागाउँदै बीचमै रोकेर समाचार प्रसारण गर्नुपर्ने हुन्थ्यो ।

## रेडियो नेपालका सुरुआती कार्यक्रम

हामी बिहान बेलुकाको कार्यक्रम रूपरेखा (तालिका) बनाउँथ्यौँ। रूपरेखा बनाउँदा जनार्दन समबाट सल्लाह लिइन्थ्यो। समाचारलाई ध्यानमा राखेर कार्यक्रमको रूपरेखा बनाइन्थ्यो र यसलाई रेडियोबाट बिहान प्रसारण गरिन्थ्यो। त्यति बेला रेडियो बिहान र बेलुका मात्र प्रसारण हुन्थ्यो। गीत र समाचार नै बढी थियो। प्रत्यक्ष प्रसारण गर्नुपर्ने हुँदा गीत प्रस्तुत गर्ने वादक, गायक कलाकारहरू तम्तयार भएर बसेका हुन्थे। सरकारी विभाग वा मन्त्रालयका कर्मचारीहरूले आ-आफ्नो विभाग वा मन्त्रालयका सूचना टिपाउँथे। प्रकाशमान सिंह, मधुसूदन देवकोटा, हरि श्रेष्ठ, राजेन्द्रकुमार गुप्ता, मुरारिकृष्ण शर्मा आदिले समाचार तयार पार्ने र वाचन गर्ने गर्नुहुन्थ्यो। राजेन्द्रकुमार हिन्दी भाषाको समाचार पढ्नुहुन्थ्यो। मुरारिकृष्णले नेपालबाहिरका रेडियो सुनेको भरमा अन्तर्राष्ट्रिय समाचार तयार पार्नुहुन्थ्यो। कहिलेकाहीँ पढ्नलाई समाचार नै पुग्दैनथ्यो। त्यस्तो बेलामा ५ मिनेटको समाचारलाई १० मिनेट लगाएर पनि पढिन्थ्यो।

रेडियो स्थापना भए लगत्तैदेखि रेडियो नेपालबाट नारी, विद्यार्थी, किसान, बौद्धिक विषय, दर्शन, भजन, छात्र, रक्षादल, सैनिक, गीतिकथा तथा गीतसङ्गीतसम्बन्धी कार्यक्रम प्रसारण हुन्थे। त्यति बेला पनि एउटै माध्यमबाट विभिन्न परिकार पस्कने अभ्यास थियो। त्यो बेलामा रेडियो चलाउने जोश मात्र थियो। साधारणतया यसले यो काम गर्ने, उसले त्यो गर्ने भन्ने हुँदैनथ्यो। जोजोसँग जेजे सीप छ उसले त्यही गर्नुपर्थ्यो। यसैले त्यहाँ मैले प्रश्नोत्तरसम्बन्धी कार्यक्रम र अन्य कार्यक्रम चलाएँ, कविता र लेख पढेँ। त्यो बेलामा अरूलाई पनि कार्यक्रम चलाउन सिकाएँ। गीत लेखे पनि आफैँले भने गाइनँ। सबै कार्यक्रमको खाका जनार्दन समले तयार गर्नुहुन्थ्यो। म रेखदेख गर्थें। त्यति बेला जनार्दन समलाई कार्यक्रम निर्देशक र मलाई प्रशिक्षक (मास्टर) बनाइएको थियो। केही समयपछि शैक्षिक गतिविधिबारे जानकारी दिने र यस क्षेत्रका विषयवस्तुबारे चर्चा गर्ने शैक्षिक कार्यक्रम सुरु भयो। यस कार्यक्रमलाई रेडियो नेपालमा स्थापित गराउन कुवेर गर्तौला, खगेन्द्र नेपाली र विश्वम्भर चञ्चलको योगदान अविस्मरणीय रह्यो।

रेडियो नेपालमा बढीभन्दा बढी नेपाली गीत बजाउने प्रयास सबैले गरेका हुन्। नेपाली गीत निकै कम थिए। सुरुआतताका हामी दिनभर गीत लेख्थ्यौँ भने बेलुका लय भर्ने काम हुन्थ्यो। त्यसपछि प्रत्यक्ष प्रसारण गरिन्थ्यो। दुई चार जना कलाकार जम्मा गरेर गीत घोक्ने र गाउने गरिन्थ्यो। तारिणी, जनार्दन, राममान तृषित र म भएर त्यति बेला गीत लेख्ने गर्थ्यौं। धेरै समयसम्म विनारेकर्ड यसरी लेख्ने र गाउने क्रम चली नै रह्यो। लय (सङ्गीत) भर्ने काम भने प्रायः

नातिकाजी, गोविन्दलाल, भैरवबहादुर थापा, हरिबहादुर र शिवशङ्कर आदिले गर्नुहुन्थ्यो । टेप रेकर्ड देख्दा पनि जिल्ल पर्नुपर्ने स्थिति थियो त्यस बेला ।

रेडियोमा पछि गीतिकथा कार्यक्रम पनि प्रसारण भयो । गीतिकथामा भाव मिल्दो नेपाली गीत नपाएर हिन्दी गीत समेत बजाउनुपर्ने बाध्यता थियो । यस्तो बाध्यताबारे *सङ्गीत समीक्षा* कार्यक्रममा मैले व्यक्त गरेपछि राजा महेन्द्रबाट यो कुरा थाहा पाएर रेकर्डिङका लागि संस्थान खोल्ने इच्छा व्यक्त गरियो । कला प्रेमी भएकाले पनि यसप्रति राजाले उत्सुकता देखाएको पाइयो । त्यसपश्चात नै रत्न रेकर्डिङ संस्थानको उदय हुन पुग्यो । पछि रेडियो नेपालमा विदेशीहरूको सहयोगमा रेकर्डिङका उपकरण प्राप्त भएपछि हरेक पटक प्रत्यक्ष प्रसारण गर्नुपर्ने झञ्झटबाट मुक्त हुँदै गइयो ।

## मिलनसार तारिणी र कुशल देवेन्द्रराज

रेडियो नेपालको स्थापनामा भूमिका खेल्ने प्रमुख हर्ताकर्ताहरूमध्ये तारिणीप्रसाद कोइराला नै बढी जागृत हुनुहुन्थ्यो । त्यसो त उहाँ नै रेडियो नेपालको पहिलो निर्देशक पनि हुनुभयो । उहाँ गीत लेख्ने, समाचार पढ्ने र अन्यलाई सघाउने काम गर्नुहुन्थ्यो । एक मिलनसार उत्प्रेरक मान्छेका रूपमा मान्छु म उहाँलाई । रेडियो नेपालमा रहँदा पदीय आधारमा उचनीचको व्यवहार कहिल्यै गर्नुभएन । तारिणीसँग काम गर्दा हामी निकै उत्साहित हुन्थ्यौं । रेडियो नेपालमा आइपर्ने खर्च टार्न कहिलेकाहीँ उहाँले खल्तीबाट समेत पैसा हालेका उदाहरण छन् । रेडियो नेपालको पाक्षिक प्रकाशन *झङ्कार* छाप्ने काम पनि उहाँकै पालादेखि भएको थियो । वीपी कोइराला गृहमन्त्रीबाट हटेपछि उहाँलाई रेडियो नेपालमा टिक्न दिइएन । प्रधानमन्त्री बन्नुभएका मातृकाप्रसाद कोइरालासँग राय नमिलेकाले उहाँ रेडियो नेपालमा लामो समयसम्म रहनुभएन । रेडियो स्थापनाका लागि अह्राए पनि रेडियो नेपाललाई पछि कसरी लैजाने भन्ने विषयमा वीपीले केही मार्गदर्शन गराउनु भएन । बरु जे जति गर्नुभयो तारिणीले नै गर्नुभयो । त्यसमा जनार्दन सम र प्रत्यक्ष अप्रत्यक्ष हाम्रो पनि सहयोग रह्यो ।

तारिणीले छोडेपछि रेडियो नेपालमा केही समय अस्थिर स्थिति आयो । बीचमा केही समय रश्मिराज्यलक्ष्मी र भवानी भिक्षु यसको कार्यवाहक निर्देशक हुनुभयो । पछिबाट देवेन्द्रराज उपाध्याय निर्देशक भएर आउनुभयो । देवेन्द्रराज त्यसअघि भारतको नयाँदिल्लीस्थित अल इण्डिया रेडियोमा काम गर्नुहुन्थ्यो । उहाँ आएपछि रेडियो नेपालको व्यवस्थापन पक्षमा निकै सुधार भयो । उहाँकै पालादेखि कर्मचारीहरूले तलब पनि निरन्तर रूपमा पाउन थालेका हुन् । रेडियो नेपालको स्थायी जग पनि उहाँले नै बसाल्नुभएको मान्नुपर्छ ।

देवेन्द्रराजजीसँग बढी आत्मीय भएर नै होला, उहाँको र मेरो सोचाइ र विचार प्रायः मिल्थ्यो । एकपल्टको कुरा हो, भैरवबहादुर थापा एकजना केटीलाई कुनामा बसेर हारमोनियम सिकाउँदै हुनुहुन्थ्यो । उहाँले "यिनलाई गाउने मौका दिनुपर्‍यो" भन्नुभयो । म कार्यक्रमको प्रबन्धक थिएँ । मैले मात्र निर्णय गरेर नहुने हुनाले म त्यो प्रस्ताव लिएर देवेन्द्रराजजीकहाँ गएँ । मैले भनेपछि उहाँले पनि मान्नुभयो । गाउँदै जाँदा भैरवबहादुरले फेरि "यिनलाई स्थायी नियुक्त गर्न पाए हुन्थ्यो" भन्नुभयो । नियुक्त त गर्नुपर्ने हो, तर उहाँको विशेषता राम्ररी नबुझी कसरी निर्णय गर्ने भन्ने मलाई लाग्यो । उहाँले 'बेहोश यो जीन्दगी...' भन्ने गीत खुब मीठो गरी गाउनुभयो । यो सुनेपछि ती केटीलाई स्थायी नियुक्ति दिनुपर्छ भनेर देवेन्द्रराजजीकहाँ सिफारिस गर्न जान के उठेको थिएँ, देवेन्द्रराजजी पनि मीठो गीत गाउने ती केटीलाई स्थायी नियुक्ति दिनुपर्‍यो भन्दै आउनुभयो । तिनै केटी पछि तारादेवीको नामले नेपाली साङ्गीतिक फाँटमा चम्किनुभयो । यसप्रकार देवेन्द्रराजसँग मेरा भावना मिल्थे ।

## राजा, रेडियो नेपाल र राष्ट्रिय जागरण

विशेष समारोहहरूमा जनताको नाममा सम्बोधन गर्नुपर्दा राजाहरू रेडियो नेपालमा आउने चलन थियो । रेडियोबाटै जनताका नाउँमा सन्देश दिइन्थ्यो । सरकार परिवर्तनका बेला मन्त्रिमण्डलको घोषणा पनि रेडियोबाटै गर्ने चलन थियो । राजा त्रिभुवन, महेन्द्र यस्ता अवसरमा रेडियो नेपाल आएको मलाई सम्झना छ । कहिलेकाहीँ रेडियो नेपालले दरबारबाट पनि सीधा प्रसारण गर्दथ्यो । राजा आएको समयमा हामी कर्मचारीहरूले उहाँलाई सम्मान गर्ने, मागको सम्बन्धमा बिन्ती गर्ने पनि गर्दथ्यौँ । राजा रेडियो नेपालमा आउँदा भीडभाड नगर्ने भनेर हामीलाई भित्र पस्न दिइँदैनथ्यो ।

एकपटक राजा त्रिभुवन रेडियो नेपालमा आउँदा मैले उहाँका बारेमा तुरुन्त गीत लेखेँ । 'जय होस् त्रिभुवन! देशका तारा सबका प्यारा' भन्ने गीतको भाव थियो । पछि त्यो गीतमा लय र सङ्गीत भरेपछि लोकप्रिय पनि भयो । त्यो गीतमा उस्ताद गोविन्दलालले लय भर्नुभएको थियो भने रेडियो नेपालका कलाकार प्रेमध्वज प्रधान आदिले गाउनुभएको थियो । राजा त्रिभुवनलाई त्यो गीत मन परेछ र यो गीत लेख्ने को हो भनेर खोजी भएछ । त्यसपछि सहकर्मी साथीहरूले "ए वैष्णवजी आउनोस् सरकार (राजा) बाट खोजी भयो" भनेपछि म भित्र गएँ । त्यसपछि राजा समक्ष रेडियोमा बाल कार्यक्रम चलाउन लगाइयो । मैले राजाकै अगाडि उक्त कार्यक्रम चलाएको थिएँ ।

साहित्य, सङ्गीत र कलाप्रति अनुराग रहेको हुनाले रेडियोप्रति राजा महेन्द्रले रुचि राखेको हुनुपर्छ । उहाँद्वारा रेडियोका लागि धेरै गीतसमेत रचिएको छ । उहाँले लेखेका सुरुआतका गीतहरूमध्ये 'हे वीर हिँड अघि सरी...' भन्ने भावको जागृति गीत लोकप्रिय थियो ।

अहिले जस्तै पहिले पनि पार्टीका नेताले आपसमा झगडा गरेर देश बिगार्न थालेकाले २०१७ साल आएको हो, भन्ने मलाई लाग्छ । नत्र आउँदैनथ्यो होला । नेताहरू त्यति बेला पनि कोही दिल्ली धाउने, कोही नारायणहिटी धाउने गर्दथे । हाम्रो स्वाभिमान जगाउनुपर्छ, झैझगडामा लाग्नु हुँदैन भनेर २०१७ सालपछि जागरण अभियान नै चलाइएको थियो । यो जागरण अभियान, राष्ट्रिय स्वाभिमान र एकताको निम्ति थियो । राष्ट्रिय स्वाभिमान र राष्ट्रिय भावना नजागिकन राष्ट्रिय एकता नेपालीहरूमा आउँदैन भन्ने समय थियो त्यो । त्यति बेला जस्ले देशका निम्ति हित हुने कुरा लेख्थे त्यो रेडियोबाट प्रसार हुन्थ्यो । मैले पनि हामी हीनताभावले ग्रसित भयौँ भन्ने सन्दर्भमा केही गीत लेखेको थिएँ । तिनैमध्ये 'जाग स्वदेशी स्वाभिमान हो जाग, जाग न ज्युँदा प्राणहरू हो जाग' भन्ने राष्ट्रिय गीत एउटा हो । अरूहरूले पनि त्यो बेलामा त्यस्तै जागरणका गीतहरू रेडियोको लागि लेखेका थिए । जागरणको त्यो समयमा राजाले पनि ठाउँ-ठाउँ डुलेर गीत सङ्कलन गरेको पाइन्छ । यहाँ परिवर्तन आएपछि केही मान्छेहरू भूतकाललाई गाली गर्दै वर्तमानमा चाकडी गर्छन् । तर खास भन्नु पर्दा त्यस समयमा देशको हित हुने कुरा नै रेडियोबाट बढी प्रसारण हुन्थ्यो ।

## रेडियो नाटकको अनुभव

खास गरी रेडियो नाटक तथा रूपकका लागि मैले रेडियो नेपालमा बढी समय खर्चेको छु । रेडियो नेपालमा विशेषतः २००९ सालदेखि नाटक, रूपक प्रसारण हुन थालेको हो । रेडियोमा नाटक, रूपक गर्दा मूलतः आफ्नो समाजको, आफ्नो गतिविधिको अनुभवलाई आधार मानिन्थ्यो । 'धमिरा' मैले रचेको सबैभन्दा पहिलो रेडियो नाटक थियो । यो नाटकको आशय जसले अरूको आलोचना गर्छ, ऊ आफैँभित्र पनि कमजोरी छ भन्ने थियो । त्यसपछि जनार्दन समले 'आमाको आशा' सुनाउनुभयो । रेकर्डिङको व्यवस्था नहुँदा नाटक गर्दा जति जना मान्छे (पात्र) हुन्छन् सबै माइक अगाडि बस्थ्यौँ । दुई चार पल्ट अभ्यास गर्थ्यौँ । त्यसमा ध्वनि दिनुपर्‍यो वा कुनै घटनाक्रम दर्शाउनुपर्‍यो भने बाजाबाट ढ्याइयँ आवाज निकालेर बजाइन्थ्यो । आवश्यकताअनुसार पछाडिबाट (पृष्ठभूमिमा) गीत पनि बजाउँथ्यौँ । त्यति बेला विभिन्न किसिमका ध्वनि थिएनन् । गाडी आदिको ध्वनि पनि बनावटी बनाइन्थ्यो ।

पानी परेको आवाज ल्याउनु पऱ्यो भने कागज गुजमुज्ज पारी सुइसुई गरेर आवाज निकाल्थ्यौँ। २०११ सालतिर अमेरिकन लाइब्रेरीले साउण्ड इफेक्टहरू सङ्कलित केही रेकर्डहरू उपहार दियो। त्यसपछि धेरै सजिलो भयो।

नाटकको स्वर अभिव्यक्ति श्रोतालाई तान्ने खालको हुनुपर्छ। शब्दलाई, चरित्रलाई रेडियो नाटकमा आत्मसात गर्नुपर्छ भन्ने मलाई लाग्थ्यो। नाटकमा भाग लिनेले पात्रलाई आफू नै सम्झेर उमङ्ग ल्याउनुपर्छ, म भन्ने गर्थें। तर नाटकमा खेल्न रहर गर्ने पात्रहरू भित्र गएपछि बोल्न थाल्यो कि हडबड गर्थे, लटरपटर गर्थे। चाँडै सकिदिनुस् भन्थे। नयाँ-नयाँ हुँदा 'म पनि भाग लिन्छु' भन्ने तर भाग लिएपछि मेहनत गर्न नखोज्ने प्रवृत्ति उनीहरूमा बढी भेटिन्थ्यो। नाटक गर्नुअगाडि तयारीका लागि पर्याप्त मेहनत गर्नपट्टि मेरो बढी ध्यान जान्थ्यो। अभ्यास वा रिहर्सल गराउन थाल्यो कि नाटकमा भाग लिनेले फलानो काम छ भन्दै उम्कन खोजेर हैरान पार्थे। अझ महिलालाई काममा लगाउन त्यति बेलाको समयमा निकै गाह्रो थियो। पुरुष कलाकारले नै महिलाको स्वर बनाई बोल्नुपर्थ्यो। सुरुसुरुमा नाटक गर्दा श्रीमतीको भूमिकामा अभिनय गर्न कसैले मान्दैनथे। पछि 'क्या फसाद' भन्ने एक नाटकमा पहिलोपटक शान्ता श्रेष्ठ श्रीमती बनेर बोल्नुभयो। उहाँ क्रान्तिकारी सोचकी महिला भएकाले श्रीमती भएर बोल्न मञ्जुर गर्नुभयो। पछि दार्जिलिङतिरबाट आएका महिला कलाकारहरूले भने त्यसरी नाटकमा खेल्न स्वीकार गरे।

कलाकार छनोट गर्ने क्रममा बोल्न आएका व्यक्तिलाई निर्देशकले नाटकमा प्रयुक्त शब्दको अभिव्यक्तिसहित अभिनय गरौँ भन्थे। आँखाले देखेको कुरा बोलेर अभिव्यक्त गर्नुपर्थ्यो। नाटक गर्दा बाजा पछाडि बजाउनुपर्थ्यो। खल्लो अनुभव नगराउन मनको भाव व्यक्त गरिन्थ्यो। जस्तो, मोटर आएको कुरा जानकारी गराउनु छ भने शब्दमै व्यक्त गर्नुपर्थ्यो। रातो कोट लाएर आएको भए, रङ्ग र आकृति पनि शब्दबाटै बताइन्थ्यो। कुन व्यक्तिले कुन स्वरको अभिनय गर्न सक्छ वा सक्दैन भन्ने आधारमा कलाकार छानिन्थ्यो।

रेडियोमा नाटकपछि रूपक पनि प्रसारण हुन थाल्यो। रेडियो नाटक र रूपक हेर्दा उस्तै लागे पनि यो केही भिन्न प्रकृतिको हुन्छ। रूपकमा हरेक पात्र प्रतीकात्मक रूपले बोल्ने गर्दछ। इतिहास भनी पात्र नै बोलाइन्छ, चरा भन्यो पात्र, समय भन्यो पात्र, गतिविधि भन्यो पात्र, सम्झना भन्यो पात्र, सब स्वर पात्र हुन्थे। रूपकमा प्रतीकका रूपमा हर पात्रले बोल्ने गर्दछ। जस्तो : 'चरा के भन्न आइस् ?' भन्दा, 'आज नयाँ दिन हो उत्सव मनाउन आएँ' ऊ भन्थ्यो। यस्तै किसिमको प्रतीकात्मक रूपबाट प्रस्तोताले प्रसारण गर्ने ढङ्ग नै रूपक हो। रूपक प्रायः कवितात्मक ढङ्गले प्रस्तुत गरिन्छ। विशेष घटना वा अवसरहरूमा रूपक लेख्न लगाइन्थ्यो। म विशेष

घटनाहरूलाई कविताको दृष्टिकोणबाट प्रस्तुत गर्थें। त्यो रूपक हुन्थ्यो। जस्तो 'शङ्करको गर्जन' भन्ने रूपकमा छ। यसमा 'हामी हिमालवासी सफा हृदयले वर्तन्छौँ व्यवहार, जाली कपटी कोही बन्छ त नगरी छोड्दैनौँ संहार' भन्ने जस्ता वाक्यहरू बोलिएको छ। यसमा शिवजी रिसाएको कवितात्मक रूपले प्रस्तुत भएको छ। यसरी प्रस्तुत गर्दा भित्रैदेखि भाव चढ्दो रहेछ। सजीव लाग्दो रहेछ। भावनात्मक जागृतिको लागि मैले जे जति गरेँ त्यो नाटकभन्दा बढी रूपकबाट गरेँ र म पनि नाटकभन्दा रूपकबाट बढी चिनिएँ। पछि त गीतै-गीतबाट नाटक पनि रचियो।

## रेडियो नाटकले जन्माएका कलाकार

शकुन्तला शर्मा, हरिवंश आचार्य जस्ता नाम चलेका कलाकारहरूले आफ्नो क्षमता रेडियो नेपालकै नाटकमा पहिले देखाएका हुन्। 'पसिनाको फल' भन्ने रूपकमा शकुन्तलाले फलको भूमिका निभाउनुभएको थियो। त्यसमा उहाँको भूमिका राम्रो रह्यो। रेडियो नेपालमा रहँदा सबैलाई मद्दत गर्नुभयो, मलाई गर्नुभएन भनेर एकदिन उहाँले मसँग गुनासो गर्नुभएको थियो। त्यसपछि मैले उहाँलाई महिना दिनसम्म नाटकमा अभिनय गर्न सिकाएँ। पछि उहाँले देवकोटाको 'कृषिवाला' नाटकमा निकै राम्रो अभिनय गर्नुभयो। उहाँको प्रतिभा देखेर मैले प्रज्ञा प्रतिष्ठानमा समेत प्रवेश गराउन मद्दत गरेँ। शकुन्तलाले त्यति बेलाका महिलाहरूमध्ये असाधारण काम गरेर देखाएको हुनाले उहाँ चर्चित बन्नुभयो।

हरिवंश आचार्य पनि शकुन्तला शर्मा जसरी नै विशेष कलाकार बन्नुभएको हो। 'एकलव्य' भन्ने एक स्टेज नाटकमा उहाँले निकै राम्रो भूमिका निभाएको देखेर रेडियो नाटकमा अभिनय गर्न बोलाइयो। नाटक गर्दा उहाँको रूप, आकृति र भनाइ नै बदलिन्थ्यो। मैले राष्ट्रिय नाचघरमा यो मान्छेमा कलाकार हुने गुण छ, जागिर दिनुहोस् भनेर सिफारिस पनि गरेको थिएँ। त्यति बेला नाचघरमा इन्द्रप्रसाद काफ्ले हुनुहुन्थ्यो। उहाँले "पद नै छैन कसरी राख्ने" भन्नुभयो। त्यति बेला, 'संरक्षण' भन्ने गीतमय नाटक राष्ट्रिय नाचघरमा चलिरहेको थियो। त्यहाँ हरिवंशलाई स्थान दिइयो। नाटकको बीचमा विश्राम पनि हुन्थ्यो। त्यसमा हरिवंशले हँसाउने खालको 'समाचार' भन्नुहुन्थ्यो। पछि उहाँको ख्याति बढ्दै गयो। राष्ट्र बैंकमा जागिर पनि पाउनुभयो। राष्ट्र बैंकले रेडियो नेपालमा कार्यक्रम सञ्चालन गर्ने भएपछि उहाँ त्यस कार्यक्रममा समावेश हुनुभयो। त्यही बेला मदनकृष्ण श्रेष्ठ पर्यटकको अभिनय गर्दै स्टेज कार्यक्रमहरूमा हँसाउने नाटक गर्नुहुन्थ्यो। त्यही क्रममा हरिवंश र उहाँको मेल भएछ। त्यसपछि अहिलेसम्मै उहाँहरूको जोडीले नाटक विधामा धेरै योगदान पुऱ्याउँदै आएको छ।

सन्तोष पन्तले पनि रेडियो नाटकबाट आफ्नो यात्रा सुरु गर्नुभएको हो। उहाँका काका गोपालराज पन्त रेडियो नेपालमा पुलिस कार्यक्रम चलाउन आउनुहुन्थ्यो। गोपालराजसँग हाम्रो बारम्बार भेट र कुराकानी भइरहन्थ्यो र विभिन्न सरसल्लाह हुन्थ्यो। त्यही सम्बन्धले हुनुपर्छ, सन्तोष पन्त पनि रेडियो नेपालमा आउनुहुन्थ्यो। सबैलाई मौका दिनुपर्छ भन्ने हाम्रो सोच थियो त्यति बेला। विस्तारै उहाँ पनि नाटकमा चम्किनुभयो। मदनदास श्रेष्ठ अर्का यस्ता व्यक्तित्व हुनुहुन्छ जसले रेडियो नेपालमा रहेर रेडियो नाटक विधामा धेरै लामो समयसम्म योगदान दिनुभयो। मदनदासको आवाजमा यस्तो विशेषता थियो कि जति टाढाबाट पनि उहाँको आवाज प्रस्ट सुनिन्थ्यो। रेडियो नाटकमा उल्लेखनीय योगदान गर्ने अर्का व्यक्तित्व जितेन्द्र महत अभिलाषी हुनुहुन्थ्यो। म रेडियोमा नाटक गर्दा उहाँ रेडियोमा अरू नै कार्यक्रम गर्नुहुन्थ्यो। पछि रेडियो नेपालबाट बज्ने सैनिक कार्यक्रममा 'नाटक' गर्न उहाँलाई जिम्मा दिइएछ। उहाँले त्यस कार्यक्रममा मलाई पनि बोलाउनुभयो। मैले पनि त्यसमा केही नाटकहरू गरेँ। नाटकमा म पछिको जिम्मेवारी रेडियो नेपालमा हरिप्रसाद रिमालले सम्हाल्नुभयो। पहिले उहाँ गीत-सङ्गीतपट्टि व्यस्त हुनुहुन्थ्यो। रेडियो नाटकमा योगदान दिनेमा ध्रुवकुमार देउजा, वीवी सिंह, यज्ञ विष्ट, ईश्वरीप्रसाद, आदिको नाम पनि बिर्सन मिल्दैन।

## केही नमीठा प्रसङ्ग

म दु:खलाई पनि 'सुख' ठानेर बस्ने मान्छे हुँ। यद्यपि कहिलेकाहीँ आफूले प्रोत्साहन दिएको मान्छेले आफैँलाई चुनौती दिँदा भने चित्त दुख्थ्यो। ठूल्ठूला देवतालाई पनि त अरूलाई 'वरदान दिँदा' आफैँलाई दु:ख दिन आएर पश्चातापमा परेको पढ्न पाइन्छ। त्यस्तो परम्परामा यो पनि पऱ्यो होला भनेर चित्त बुझाउँथेँ। जे भए पनि अत्तो थापेर अल्झाएर पैसा कमाउने काम भने कहिल्यै गरिएन। म बेइमानी गर्दिनथेँ। रेडियोमा गीत बजाउँदा सबैलाई समान अवसर दिनुपर्छ भन्थेँ। अरूहरूले भने कसैको बढी गीत बजाएर पैसा कमाउने धृष्टता गरेको पनि पाइयो। त्यस्तो पक्षपाती काम मबाट कहिल्यै भएन।

सात सालदेखि २६ सालसम्म लगातार १८ वर्ष रेडियो नेपाल मेरो कर्मक्षेत्र भयो। त्यहाँ काम गर्दा दसैं तिहारमा समेत बिदा नलिई काम गर्थें। मैले त्यहाँ जति काम गर्थें, पूरा चित्त लगाएर गर्थें। एकपटक मेरो बढुवाको लागि कुरा चलाउँदा, रेडियो नेपालका उच्च पदाधिकारीले "त्यस्तो पनि मान्छे हो, दसैं तिहार नभनी काम गर्ने" भनी सिफारिस गर्न गएको मान्छेलाई उल्टै हप्काएछन्।

अनि बढुवा भएन मेरो । त्यतिका वर्ष रेडियो नेपालमा बस्दा मैले लेख रचना पनि जाँच्नु पर्थ्यो । तर यसको जाँचकी समितिमा मलाई कहिल्यै राखिएन ।

रेडियो नेपाल अर्काले गाएको गीतको पैसा लिने व्यक्तिहरूका कारण पछि बदनाम भयो। कैयौँ मान्छेले गीत गाएको पैसा माग्नेबित्तिकै रेडियो नेपालले दिँदैनथ्यो । पछि लिन जाँदाखेरि त्यो पैसा अर्कै व्यक्तिले लिइसकेको पनि हुन्थ्यो । लेखहरूमा पनि त्यस्तै भयो। जसले पाउनुपर्ने हो ऊ जिल्लिनु पर्दथ्यो। यस्तो नराम्रो कामसम्म गर्न पनि पछि नपर्ने छली लुच्चाहरू समेत रेडियो नेपालमा थिए ।

## अन्तमा

रहरै रहरमा हौसलापूर्वक रेडियो नेपालमा काम सुरु गरिएथ्यो। सुरुदेखि नै सरकारले रेडियो नेपाललाई खर्च धान्न केही पैसा सापटी मात्र दिन्थ्यो। सुरुमा केही महिना त हामीलाई पैसा पनि दिइएको थिएन । पछि मात्र बन्दोबस्त मिल्यो । सुरुका चार महिनाको तलब भनेर मैले एकै चोटि चार सय रुपियाँ पाएको थिएँ । अन्यत्रका सरकारी कर्मचारीले त्यति बेला महिनाको बाह्र, तेह्र रुपियाँ मात्र पाउँथे । चार सय रुपियाँ त हाम्रालागि धेरै थियो। सुरुमा सरकारी सापटीकै भर पर्नुपर्ने हुनाले तलब खुवाउन रेडियो नेपाललाई सधैँ नै धौ-धौ परिरहेको हुन्थ्यो । यतिसम्म कि एक जना कर्मचारीले त तलब नपाएको झोकमा स्टुडियोको माइक नै उठाएर घर लैजान खोजे। पछि सम्झाइबुझाइ गरेर रोकियो ।

मेरो पेशाको प्रमुख आधार रेडियो कार्यक्रम नै हो जसमा नाटक, गीत लेख, सम्मेलन, प्रत्यक्ष कुराकानी आदि पर्थे । पैसा त भएन तर आत्मसन्तोष भयो । रेडियोमा गरिएको परिश्रमकै आधारमा प्रज्ञा प्रतिष्ठानमा जान पाएँ । मलाई प्रज्ञा प्रतिष्ठानको आजीवन प्राज्ञ पनि बनाइएको छ। धेरैले मलाई र मेरा कामलाई सम्झेका, सम्मान गरेका छन् । अभिनन्दनहरू प्राप्त गर्दा बुढेसकालमा धन नभए पनि बुद्धत्व प्राप्त गरेजस्तो लाग्छ। मैले गरेको गुन समाजले देखेको जस्तो लाग्छ । यही आत्मसन्तोष नै मेरालागि सम्पत्ति हो ।

नाटक तयार पार्न मानवीय जागरणका कति विषयवस्तु छन्। हिजोआज नाटकमा त्यस्तो केही पाइन्न। नाटय विधालाई टिभीले आत्मसात गरे पनि रेडियोहरूले उस्तो बढावा दिएका छैनन् जस्तो लाग्छ। रेडियो नाटकहरूले मानवीय जागरणका लागि अहिले राम्रो काम गर्न सकेका छैनन् जस्तो लाग्छ ।

(सङ्गीता पाण्डे, शेखर पराजुली, देवराज हुमागाईं र कृष्ण अधिकारीले वैष्णवसँग गरेको कुराकानीमा आधारित)